# स्वास्थ्य तथा सरसफाइ नीति

खार्पूनाथ गाउँपालिका
याङ्चुबजार, हुम्ला
कर्णाली प्रदेश, नेपाल

**गाउँ कार्यपलिकाको बैठकबाट**

**स्वीकृत मितिः २०७६/१२/१६**

# खार्पूनाथ गाउँपालिका
# स्वास्थ्य तथा सरसफाई नीति २०७६

## १. पृष्ठभूमि

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरेको छ । सबै नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच र आकस्मिक स्वास्थ्य सेवा पुऱ्याउन र आधारभूत स्वास्थ्य सेवा सुलभ प्रवाहको सुनिश्चितता गर्नु अपरिहार्य छ ।

खार्पूनाथ गाउँपालिकाले विगतमा स्वास्थ्य व्यवस्थापनमा गरेको लगानीबाट केही सफलता हासिल भएतापनि अझै यस पालिका क्षेत्रभित्र बसोबास गर्ने केही समुदायका बासिन्दाहरु संविधान प्रदत्त आधारभूत स्वास्थ्य सेवाबाट बन्चित रहनु परेको छ । तसर्थ, खार्पूनाथ गाउँपालिकाले तथ्यमा आधारीत योजना बनाई, स्वास्थ्य सेवा प्रभाहमा सुधार ल्याई गुणस्तरीय स्वास्थ्य सेवा मार्फत पालिका बासीहरुको स्वास्थ्यमा सुधार ल्याई समग्र गाउँपालिकाको विकासका लागि प्रभावकारी स्वास्थ्य सेवा प्रभाहको व्यवस्था गर्नु अपरिहार्य छ । नेपालको संविधान २०७२ र राष्ट्रिय स्वास्थ्य नीति २०७६ बमोजिम स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित गरी सकेको सन्र्दभमा यस पालिका भित्र नवजात शिशु तथा मातृ मृत्युलाई घटाउनु, बढ्दै गएको नसर्ने रोगको नियन्त्रण गर्नु र स्वास्थ्य सम्बन्धी विपद्को तत्काल व्यवस्थापन गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदाय, गर्भवती तथा सुत्केरी महिला, नवजात शिशु, पाँच वर्ष मूनिका बालबालिका, किशोर-किशोरीलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य, सरसफाई तथा पोषण सेवा सर्वसुलभ र पहुँच योग्य बनाउन खार्पूनाथ गाउँपालिकाले दायित्व बोध गरेको छ ।

स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई पनि विकासका प्रमुख सूचकहरूको रूपमा लिइन्छ । खार्पूनाथ गाउँपालिका भित्र रहेका गरिब, दुरदराजका पालिका–बासि अझै पनि अत्यावश्यक स्वास्थ्य सेवाको पहुँच बाट बञ्चित रहेका छन । गुणस्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सूचकाङ्कमा सुधार ल्याई .खार्पुनाथ गाउँपालिकाको समग्र विकासका लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्नु जरुरी देखिएको छ ।

संघीय संरचनामा स्थानीय तहको हरेक वडामा एक स्वास्थ्य संस्था स्थापना गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सम्बोधन गरेर खार्पूनाथ गाउँपालिकाका नागरिकको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुर्नस्थापन गर्न ***स्वास्थ्य तथा सरसफाई नीति, २०७६*** कार्यपालिकाबाट पारित गरी लागू गरिएको छ ।

## २. हालको व्यवस्था

राष्ट्रिय स्वास्थ्य नीति २०४८ को रणनीति अनुरुप आधारभूत स्वास्थ्य सेवामा सबैको समान पहुँच पुऱ्याउने उद्देश्यले तत्कालिन सबै गाउँ विकास समितिहरुमा स्वास्थ्य चौकी स्थापना भए अनुरुप खार्पूनाथ स्वास्थ्य चौकी छिप्रा स्वास्थ्य चौकी, राया स्वास्थ्य चौकी र लाली स्वास्थ्य चौकीहरुले साबिकका गा.बि.स बासिहरुलाई स्वास्थ्य सेवा प्रभाह गर्दै आएको छ ।

संविधानको भाग १८ स्थानीय व्यवस्थापिका अधिकार अनुसनर धारा २२१ बमोजिम सोही संविधानको अनुसूचि ८ र ९ मा उल्लेखित स्थानीय सरकार स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम  एकल अधिकारको अधारमा खार्पूनाथ बासिको स्वास्थ्यलाई मध्यनजर गर्दै अतिरिक्त सेवा प्रभाह गर्ने उद्देश्यले नागरिकको समान पहुँच बढाउन पालिकामा छ सैयाको  खार्पूनाथ सामुदायिक अस्पतालको निर्माण गरी सेवा प्रभाह गरिदै आएको छ । संघीयता पश्चात खार्पूनाथ गाउँपालिका भित्र सेवा बाट बन्चित समुदायलाई सरल र सुलभ रुपमा गुणस्तरी सेवा प्रदान गर्न पहुच नपुगेका स्थानहरु  (लेख गाउँ, ताक्ला गाउँ, द्रुपा गाउँ, प्यूस गाउँ) मा समुदायिक स्वास्थ्य इकाइ र आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरी सेवा दिदै आएको छ ।

गाउँपालिकाले स्वास्थ्यको क्षेत्रमा स्थानीय आवश्यकताको आधारमा समानीकरण अन्तरगतको रकम विनियोजन गरी स्वास्थ्य सेवा प्रभाहमा प्रभावकारी कियाकलाप सम्पन्न गर्दै आएको छ । पालिका बासिहरुको आधारभूत स्वास्थ्य सेवाको  पहुँच सुनिश्चत गर्न तथा स्वास्थ्य क्षेत्रमा भएका उपलब्धिहरुलाई संरक्षण गर्दै निर्देशित नीति को आधारमा आवधिक योजना र तथ्यमा आधारित स्वास्थ्य योजना निर्माण गर्ने र वैधानिकता प्रदान गर्नका लागी पालिकाले स्वास्थ्य स्थिति झल्कने गरी स्वास्थ्यको प्रोफईल तथा प्रतिवेदन तयार गर्दै आएको छ साथै आगामी दिनहरुमा पनि यसलाई निरन्तरता दिइने छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य व्यवस्थापन तथा सुचना प्रणली (HMIS) आ.व. ७६/७७ लागि गरीएको प्रक्षेपण अनुसार यस पालिकाको कुल जनसंख्या ६९२८ पुगेको अनुमान गरीएको छ, जस मध्य यो जनसंख्या कर्णाली प्रदेशको गाउँपालिकामा बसोबास गर्नेको  मानिसको ०.४४ % प्रतिशत हो । जस मध्ये १ वर्ष मुनिको संख्या १३६, ५ वर्ष मुनिको संख्या ५८७, १० देखि १९ वर्षको किशोर किशोरी को संख्या १९७०, १५ देखि ४९ वर्ष उमेर को संखया १४८६ रहेको छ ।

हाल यस गा.पा.मा सामुदायिक अस्पताल १, स्वास्थ्य चौकी ४, सामुदायिक स्वास्थ्य इकाई ४, आधाभूत स्वास्थ्य केन्द्र १, गाऊँघर क्लिनिक १२, खोप केन्द्र १०, महिला स्वास्थ्य स्वयं सेविका ३६ र ३० जना स्वास्थ्य कर्मिहरुले सेवा प्रभाह गर्दै आइरहेका छन् ।

गाउँपालिका भित्र बालविवाह, किशोर अवस्थामा विवाह गर्ने तथा कम उमेरमा गर्भवती हुने संख्या बढ्दो रहेको छ, जसको परिणाम स्वरुप कम तौलका शिशु जन्मने, समय भन्दा अगावै जन्मने, रक्त अल्पता, कुपोषण, मातृ तथा शिशु मृतु दर बढ्ने लगाएत आमा हरुमा अन्य प्रजनन स्वास्थ्य र यौन जन्य समस्याहरु देखा परेका छन् ।

केही महत्वपूर्ण स्वास्थ्यका राष्ट्रिय, प्रादेशिक र स्थानीय सुचांकहरुलाई तुलनागरि तालिकामा प्रस्तुत गरिएको छ ।

**खार्पूनाथ गाउँपालिकाको स्वास्थ्यको महत्वपूर्ण तथ्याकंहरु**

| सुचकहरु | नेपाल | कर्णाली प्रदेश | आ.व २०७३/७४ | आ.व २०७४/७५ | आ.व २०७५/७६ | कैफियत |
|---|---|---|---|---|---|---|
| पाँच वर्षमुनिका बच्चाहरूको मृत्यु | ३९ | ५८ | ० | ० | ० | |
| शिशु मृत्यू | ३२ | ४७ | ० | ० | ० | |
| नवजात शिशु मृत्यु | २१ | २९ | १ | ० | ० | |
| संस्थागत प्रसुतीको प्रतिशत | ६१.२ | ७३ | २४.२ | ९३.०३ | ११०.५३ | |
| मातृ मृत्यु | २३९ | १३ | ० | ० | ० | |
| BCG खोप लगाएका १ वर्ष मुनिका बच्चाहरुको प्रतिशत | ९१ | १०१.५ | ११४.७ | १७१.३ | १००.७ | |
| DPT-HepB-Hib3 खोप लगाएका १ वर्ष मुनिका बच्चाहरुको प्रतिशत | ८६ | ९४ | १२५.७ | १४८.५ | १०२.९ | |
| Measles/rubella 1 को खोप लगाउने ९ देखी ११ महीनाका बच्चाहरुको प्रतिशत | ८४ | ९९ | ८३.१ | १४६.३ | १०४.४ | |
| TD2 / TD+ खोप लगाउने गर्भवती महिलाहरुको प्रतिशत | ७६ | ६९.२ | ७३ | ९६.५ | १०३ | |
| स्वास्थ्यकर्मी द्वारा प्रसुती भएका नवजात शिशुका मध्य कम तौल (< २.५ के.जी.) भएको प्रतिशत | ० | ५.१ | ९.६ | ४.१ | ०.८८ | |
| गर्भअवस्थामा १८० दिन आइरन फोलिक एसिड खाने महीलाको प्रतिशत | ५१ | ६१ | २१६.५ | ७४.५ | १५९.६ | |
| प्रसुती पश्चात पभिटामिन ए प्राप्त गर्ने महिलाहरुको प्रतिशत | ६५ | ९८ | १४८.८ | १४१.८ | ९२.३ | |
| झाडापखाला कारण जिङ्क र ओ.आर.एस बाट उपाचार गरिएका ५ वर्ष मुनिका बच्चाहरुको प्रतिशत | ९६ | ९८.६ | ९५.५ | ६६.९ | ९२.३ | |
| प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच गराउने महिलाहरुको प्रतिशत | ५६.५ | ६१.९ | ३५ | ७५ | ५६ | |
| दक्ष स्वास्थ्यकर्मीबाट प्रशुती गराउनेको प्रतिशत | ५७.६ | ५९.४ | २२ | ५७.४ | ६०.३ | |
| नियमितरुपमा ३ पटक उत्तर प्रशुती जाच गराउनेको प्रतिशत | १६.३ | २४.१ | २८.४ | १९.९ | ३९ | |
| परिवार जियोजन सेवाका नयाँ सेवाग्राही (विवाहित प्रजनन उमेरका महिलाहरु मध्य) | १२ | १८ | २५ | २६.८ | २५.७ | |

*Sources: NDHS, Provincial Annual Health report and HMIS*

उल्लेखित सुचकहरुमा समग्रमा नेपालले उल्लेखनिय सफलता हासिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिए तापनि खार्पुनाथ गाउँपालिकामा स्वास्थ्य क्षेत्रका चुनौतिहरू अझै थुप्रै छन् । केही प्रमुख समस्या र चुनौतीहरू निम्नानुसार छन् ।

## ३. खार्पूनाथ गाउँपालिकामा विद्यमान स्वास्थ्य समस्या, चुनौति तथा अवसरहरु

### ३.१ समस्याहरु

- गाउँपालिका भित्र धेरै जसो गर्भवती महिलाहरु घरमै सुत्केरी हुने र प्रायःजसो किशोरा अवस्थामै बच्चा जन्माउनाले मातृ तथा शिशु मृत्यु दर तुलनात्मकरुपमा उच्च रहेको छ ।
- नियमित ४ पटक गर्भ जाँच, स्वास्थ्य संस्थामा प्रसुती नगराउने र सेवासुविधा बाट बन्चित नगरी अनियमित तरिकाले स्वास्थ्यकर्मिहरुले सेवा रजिष्टरमा तथ्यंक प्रविष्ट गर्ने प्रणालिको विकास हुनाले संस्थागत सुत्केरीको संख्यामा कमी हुन आएको ।
- कारङ्गा बस्तिका बासिन्दाहरु अझै पनि अत्यावश्यक स्वास्थ्य सेवाको पहुँचबाट बन्चित छन् ।
- सामुदायिक अस्पतालमा दरबन्दी अनुसारको चिकित्सक र स्वास्थ्य कर्मिको पूर्ति हुन नसकेको ।
- हिमाली भेग, कच्ची र साघुँरा सडक भएकोले सवारी दुर्घटना हुने र रुख तथा भिरबाट खसेर चोट पटकका घटनाहरु बढ्दो छ । त्यस बाट हुने अपाङ्गता, मृत्यु तथा अन्य समस्याहरु देखा पर्ने क्रम पनि बढ्दो छ ।
- गरिबी र चेतनाको अभाव फलस्वरुप बेला बखत झडापखला, सिजनल फुलु( रुघा खोकि) फैलने गरेको ।
- बहुमुल्य संम्पतिको रुपमा रहेको जडिबुटि एवं आर्यूबेद तथा अन्य बैकल्पिक उपचार पद्दतिको विकास, विस्तार र सदुपयोग हुन नसकेको ।
- सर्ने भन्दा नसर्ने रोगहरु जनस्वास्थ्यको समस्याको रुपमा देखापरेको (दाँत,क्यान्सर, मानसिक रोग, मुटु रोग, मृगौला, हाड जोर्नी, दम, ढोलले चोट लागेर र रुखबाट खसेर) घाईते तथा मृत्युको संख्या बढेको ।
- पालिका भित्र बसोबास गर्ने गरीब, असाहय र अति दुर्गम भेगका बासिन्दाहरु अझैपनि अधारभूत स्वास्थ्य सेवाको पहुँचुमा नहुनु ।
- गम्भीर प्रकृतिको रोग लागेमा उपचार महङ्गो भई घरमै मृत्यु हुने अबस्था रहेको छ ।
- चेतना को कमीको कारण गर्भवती तथा किशोरीहरुले आकस्मिक परिवार नियोजनको खाने चक्की लामो समयसम्म र धेरै पटक प्रयोग गर्दा र स्वतः स्पूर्तरुपमा गर्भपतन गराउने औषधि सेवन गर्नाले स्वास्थ्य समस्यहरु देखा पर्ने गरेको ।
- चेतनाको कमीका कारण औषधिको समुचित प्रयोग नहुदा त्यसबाट हुने प्रतिजैविक प्रतिरोधक बढ्दै जाने समस्या रहेको ।
- किशोरकिशोरी, गर्भवती, सुनौला हजार दिनका आमा, पाँच वर्ष मुनिका बालबालिका र प्रजनन उमेरका महिलाहरुमा सन्तुलित भोजनको अभावका कारणले कुपोषण देखा परेको छ ।
- बिरामीहरुले स्वास्थ्यकर्मीहरु संग खुलस्तरुपमा आफ्ना समस्या बताउनु नसक्नु ।

- स्वास्थ्य संस्थामा २४ घण्टे प्रसुति सेवा प्रभाहको लागि आवश्यक औषधी, औजार तथा उपकरण उपलब्ध नहुनु ।
- स्वास्थ्य संस्थाहरुमा बालबालिकाहरुको नियमितरुपमा बृद्धी अनुगमन नगर्नाले कुपोषितको संख्यामा कमी नहुनु ।
- परिवार नियोजनका साधनहरु प्रयोग नर्गनु वा गर्न नचाहानाले परिवार नियोजन उपयोग दरमा कमी ।
- छिप्रा स्वास्थ्य चौकीको भवन जिर्ण भएको र तोके अनुसारको न्यनतम सेवा दिन नसकिएको ।
- अत्यावश्यकीय नि:शुल्क औषधिको कमी ।
- खोप केन्द्र र गाउँघर क्लिनिक नियमितरुपमा संचालन नहुनु ।
- खोप केन्द्र र गाउँघर क्लिनिकका लागि भवन तथा फर्निचर अभाव ।
- भौगोलिक विकट्ता थता खर्क जाने समस्यका कारण वालबालिकाले खोप सेवा पाउन सकेका छैनन ।
- सम्बन्धित निकयबाट समयमै औषधि तथा खोप उपलब्ध हुन सकेको छैन ।
- औषधि ढुवानि, भण्डारण र वितरण को उचित व्यवस्था नहुनाले गुणस्तरीय सेवा प्रबाह सकेको छैन ।
- स्वास्थ्य चौकिमा अकस्मिक सेवा संचालनको नीतिगत ब्यबस्ता हुन सकेको छैन ।
- स्वास्थ्य संस्थाबाट प्रवाह भएको स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्नको लागि नियमित अनुगमन, सुपरिवेक्षण तथा मूल्याकंनका साथै प्रतिवेदन गर्ने प्रणालीको विकास गरि कार्यान्वयनमा आउन सकेको छैन ।
- व्यवस्थापकीय पक्षबाट स्वास्थ्यका मुद्धाहरुलाई तथा स्वास्थ्य संस्थालाई महत्व र प्राथमिकतामा राखि कार्ययोजना हुन सकेको छैन ।
- स्वास्थ्य सुचना व्यवस्थापन प्रणाली चुस्त दुरुस्त रुपमा संचालनमा आउन सकेको छैन ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न तथा मौजुदा स्वास्थ्य संस्थाहरुको मर्मत सम्भारको लागि आवश्यक बजेट विनियोजन हुन सकेको छैन ।

## ३.२ चुनैतीहरु

संविधानले व्यबस्था गरेको सङ्घीय स्वरुप, भौगोलिक एवंम् जनसंख्याको अनुपात अनुरुप स्वास्थ्य संस्थाको न्यायोचित वितरण नहुनु, नि:शुल्क वितरण गरिने औषधिको आवश्यकताका आधारमा उपलब्ध गराउनुका साथै त्यसको गुणूस्तर सुनिश्चित नगर्नु, स्वास्थ्य सेवा प्रवाहको नियमित नियमन, अनुगमन, सुपेरीवेक्षण तथा मूल्याकंन गर्न नसक्नु, सबैका लागि स्वास्थ्य बिमा लागु गर्नु, निजि तथा विकास सझेदार संस्थाको

सहयोग परिचालन तथा उपयोगलाई प्रभावकरी बनाउनु, समन्वय कायम गर्नु र स्वास्थ्य सेवालाई प्रभाबकारी रुपमा सुचारु गर्नु, आधुनिक पद्धतिमा विश्वास बढ्न नसक्नु, प्रम्परागत धामी, झाक्रि, छाउपडी जस्ता अभ्यासमा विश्वाश गर्नु, यातायतको असुभिधा, दक्ष जनशक्तिको अभाव र अव्यवस्थित प्रसुति गृह चेतनाको अभावले संस्थागत प्रशुतिमा बृद्धि नहुनु, स्वास्थ्य संस्थाको व्यव्स्थपकीय पक्षबाट नियमित बैठक का साथै स्वास्थ्य संस्थाको सामाजिक परिक्षण नहुनु र स्वास्थ्य सुचना प्रणालीलाई बिद्युतीय प्रणलीमा नियमित प्रविष्ट गर्न नसक्नु जस्ता स्वास्थ्य क्षेत्रका प्रमुख चुनौतीकोरुपमा रहेका छन् ।

**३.३ अवसरहरु**

- संविधान प्रद्त एकल तथा साझा अधिकरका सुचि विस्तृीकरणभई स्पष्ट रुपमा स्वास्थ्य संम्बन्धी स्थानीय सरकारको अधिकार निर्धारण हनु ।

- स्वास्थ्य बिमालाई व्यवस्थित गर्नको लागि स्थानीय सरकारद्धारा पालिका बासिहरुलाई प्रति परिवार रु १००० का दरले रकम अनुदान दिनु ।

- खर्पूनाथ गाउँपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि रोभिङ अ.न.मी, भि.ए.पि., स्वास्थ्य स्वयंसेवक जस्ता मानव संसाधनको व्यवस्था मार्फत टोल बस्तीमा स्वास्थ्य सेवा प्रवाह गर्ने ।

- स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनको लागि समानिकरण तर्फ यथेस्ट बजेट विनियोजन गर्नु ।
- स्वास्थ्य सुचना प्रणाली सुदृढीकरण हुँदै जाँदा स्वास्थ्य संस्था स्तरबाटै स्वास्थ्य सुचना प्रविष्ठ गर्ने प्रणलीको विकास हुँदै जानु र तथ्यपरक निर्णय गर्ने प्रणालीको विकास गर्नु ।

- स्वास्थ्य संस्था नभएको वाडाहरुमा सेवा प्रभाहको लागि आधारभूत स्वास्थ्य सेवा केन्द्र र सेवाको पहुच नपुगेका बस्तिहरुमा सामुदायिक स्वास्थ्य ईकाईकहरु स्थापना हुनु ।

- स्थानीय सरकारले स्वास्थ्य क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राख्नु ।

- स्वास्थ्य क्षेत्रमा निजी तथा गौर सरकारी संस्थाहरुको सहयोगी भूमिका हुनु ।

- गाउँपालिकाले आवधिक योजना निर्माण गरी कार्ययोजनाा बनाई उद्देश्य प्रद्त हुनु ।

- छ सैयाको खार्पूनाथ सामुदायिक अस्पताल स्थापना भई संचालनमा आउनु ।

- ३ वटा स्वास्थ्य चौकी निर्देशिकाको मापदण्ड अनुसार निर्माण हुनु ।

- दरवन्दीको ५०% स्वास्थ्यकर्मीको पदपूर्ति भएको थप १७ जना स्वास्थ्यकर्मी करारमा गाउँपालिकाले नियुक्ति गरेको ।

- गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरु, स्वास्थ्य कर्मीहरुले प्रदान गरेका स्वास्थ्य सेवाको गुणस्तरीयताको नियमित रुपमा अनुगमन, मूल्याकंन, सुपेरीवेक्षण गर्ने कार्यविधि तथा निर्देशिका तयार गरि कार्यान्वयनमा ल्याउनु ।

- स्थानीय  सरकारले साक्षर महिला स्वंयम सेविको नियुक्ति गरी समुदायमा सेवा प्रभाह को चुस्तदुरुस्त अभिलेख र प्रतिदेन नियमित रुपमा पठाउने गर्नु ।

- ४ वटै स्वास्थ्य संस्थाहरुबाट चौबिस घण्टे प्रसुती सेवा नियमित संचालनमा आउनु ।

## ४. नीतिको आवस्यकता

स्वास्थ्य क्षेत्रले विगतका केही दशकमा हासिल गरेका उपलब्धिहरूलाई दिगो बनाउँदै सेवामा अविछिन्नता कायम राख्दै विद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरूको सम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको संविधान प्रदत्त हक सुनिश्चित गर्न एवं संघीय संरचना अनुरूप प्राप्त अधिकार क्षेत्र तथा दायित्व अनुरूप स्वास्थ्य सेवाको संरचना विकास तथा विस्तारका साथै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि मार्गदर्शन गर्नु अपरिहार्य छ । खार्पूनाथ गाऊँपालिकाले प्राथमिकता अनुकुल हुने गरी स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई सम्बोधन गर्न र दिगो विकासको लक्ष्य हासिल गर्नका लागि गाउँपालिकाको स्वास्थ्य नीति प्रतिपादन गर्न अपरिहार्य छ ।

## ५. नीतिको निर्देशक सिद्धान्त तथा उद्देश्यहरु

### ५.१ निर्देशक सिद्धान्त

गाउँपालिकाले स्वास्थ्य नीति तयार गर्दा केही मूल निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताब गरीएका छन । प्रस्तुत निर्देशित सिद्धान्तका आधारमा खार्पूनाथ गाउँपालिकाले स्वास्थ्य नीति २०७६ ले गाउँपालिकाबासीको स्वास्थ्य सम्बन्धि हक र गाुणस्तरीय सेवाको पहुँच सुनिश्चत गर्न देहाएका निर्देशक सिद्धान्तहरुको आधारमा रही यो नीति प्रतिवादन गरी कार्यान्वयन गरिने छ ।

१. सबै वर्ग र समुदायका नागरिकहरुले आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँचमा अभिवृद्धि ।
२. अन्तर सरकारी तथा बहुक्षेत्रीय सहभागिता, समन्वय र सहकार्य मार्फत जनउत्तरदायि स्वास्थ्य सेवा ।
३. सामाजिक न्यायको आधारमा समतामूलक स्वास्थ्य सेवा ।
४. तथ्यमा आधारित योजना, पर्याप्त लगानी र कुशल व्यवस्थापन ।
५. सुशासान, जवाफदेहिता र पेशागत आचरण प्रति प्रतिबद्धता ।

६. आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको प्रर्बद्धन तथा समुचित व्यवस्थापन ।

## ५.२ भावी सोच (Vision)

गुणस्तरी स्वास्थ्य सेवामा सबैको जनताको पहुँचमार्फत स्वास्थ्य र सबल नागरिकको विकास ।

## ५.३ ध्येय (Mission)

उपलब्ध साधनस्रोतको अधिकतम प्रयोग गरी सरोकारवाला सम्बन्धित संघीय मन्त्रालय, प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

## ५.४ लक्ष्य (Goal)

सबै नागरिकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा सवैको पहुँच बृद्धि गरी समतामुलक र न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलव्ध गराउने ।

## ५.५.उद्देश्यहरू (Objectives)

- खार्पुनाथ गाउँपालिकाका नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने ।
- प्रभावकारी एवंम मैत्रिपूर्ण स्वास्थ्य विकास र विस्तार ।
- प्रत्येक नागरिकले सबै तहबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने ।
- स्वास्थ्य जीवन शैली प्रबर्द्धन, व्यवहार परिबर्तन र स्वास्थ्यमा प्रतिकूल असर पार्ने मानवीय तथा वातावरणीय कारक तत्वहरुलाई निरुत्साहित गर्न अनुकुल वातावरण सृर्जना गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारी जनसहभागिता प्रवर्द्धन गर्ने ।
- प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग प्रवर्द्धन र नियमन गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा बहुक्षेत्रीय साझेदारी र जनसहभागिता प्रवर्द्धन गर्ने तथा स्वास्थ्य क्षेत्र मार्फत समग्र पालिको विकासमा योगदान पुर्‍याउने ।
- स्वास्थ्य सेवा प्रवाहमा सरकारी नीजी, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।

## ६. नीतिहरु

खर्पूनाथ गाउँपालिकाको विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्बन्धी समस्या र चुनौतीलाई सम्बोधन गर्दै गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीति अवलम्वन गरेको छ ।

नीति १. सर्बब्यापी पहुँचको अवधारणा अनुसार पालिका बासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिने छ ।

नीति २. खार्पूनाथ गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।

नीति ३. खार्पूनाथ गाउँपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखिनै व्यवस्थापन गरिनेछ ।

नीति ४. खार्पूनाथ गाउँपालिकाबासिको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वस्थ्यबर्द्धक र स्थानीय स्तरमा उत्पादन हुने (रैथाने) पोषिला खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँच र उपभोगमा बृद्धि गरी पोषण स्थितिमा सुधार ल्याउन आवश्यक समन्वय गरिनेछ ।

निति ५. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै सेवा प्रवाहमा गुणस्तरीता, जवाफदेहि एंव परिणाममूखी बनाईनुका साथै स्वास्थ्यकर्मीको सुरक्षाको प्रत्याभुति गराइने छ ।

नीति ६. खार्पूनाथ गाउँपालिकाभित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुमा आवश्यताको आधारमा दक्ष जनशक्ति, स्वास्थ्य उपकरण र पूर्वाधारको समुचित व्यवस्था गरिने छ ।

नीति ७. आयूर्वेद तथा पालिकामा प्रचलित वैकल्पिक चिकित्सा पद्दतिहरुको आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार गरी समन्वयत्माक रुपमा सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ ।

नीति ८. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरिनेछ ।

नीति ९. आपतकालिन स्वास्थ्य अवस्था तथा अन्य सरुवा रोग एंव महामारी, नियन्त्रण, जलवायू परिवर्तन लागि बहुपक्षीय सहकार्य गरी असरको न्यनीकरण र स्वास्थ्य सेवा प्रभावकरी रुपमा प्रदान गरिने छ ।

नीति १०. न्यूनतम सेवा मापदण्ड (Minimum service standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।

नीति ११. पालिका भित्र सञ्चालन हने सामुदायीक, निजि तथा गैह्र सरकारी क्षेत्रका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइने छ ।

नीति १२.स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चिततता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न पालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजी तथा गैरसरकारी क्षेत्र संग साझेदारी गरिनेछ ।

नीति १३. स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी  सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ ।

नीति १४.वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्सहान, प्रवर्द्धन र ब्यवस्थापन गरी पालिकावासिको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।

नीति १५.सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसावले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा उपभोग सुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरि स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिनेछ ।

निति १६.जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको विकास तथा विस्तार गरिने छ ।

नीति. १७. जनसंख्या व्यवस्थापनलाई खार्पूनाथ गाउँपालिका विकासको मुल खम्बाको रुपमा संस्थागत गर्ने ।

## ७. नीति अर्न्तगत रणनीतिहरु:

**नीति १.खार्पूनाथ गाउँपालिकाका हरेक नागरिकलाई नि:शुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।**

१.१ यस खार्पूनाथ गाउँपालिकाका अन्तरगतका सबै वाडाहरुमा रहेका  स्वास्थ्य संस्था, समुदायीक स्वास्थ्य इकाईहरुबाट नि:शुल्क आधारभूत स्वास्थ्य सेवा सुलभ र प्रभावकारी रुपमा उपलब्ध गराईनेछ ।

१.२ भूगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ ।

१.३ स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर-किशोरी, अपांग तथा जेष्ठ नागरिक मैत्री संस्थाको रुपमा विकास गरिने छ ।

१.४ संघ तथा प्रदेश सँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्ड अनुसारको एम्वुलेन्स सेवा सहित प्रेषण प्रणाली सुदृढ गरिने छ ।

१.५ तोकिएका आधारभूत स्वास्थ्य सेवाहरुलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाको क्षमता तथा गुणस्तर अभिवृद्धिका लागि संघ तथा प्रदेश सँग आवश्यक समन्वय, सहकार्यमा स्रोत व्यवस्थापन र परिचालन गरिने छ ।

१.६ खार्पूनाथ गाउँपालिकाका वडाहरुसँग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि सामुदायिक स्वास्थ्य इकाइ, बर्थिङ सेन्टर, रोभिङ अ.न.मी, भि.ए.पि., स्वास्थ्य स्वयंसेवक जस्ता मानव संसाधनको व्यवस्था मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

१.७ खार्पूनाथ गाउँपालिका र स्थानीय तहको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्ययोजना लागू गरिनेछ ।

१.८ खार्पूनाथ गाउँपालिका, सघ तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिनेछ ।

**नीति २.खार्पूनाथ गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।**

२.१ प्रत्येक स्वास्थ्य संस्थामा मापदण्ड अनुरुप आधारभूत प्रयोगशाला सेवाको स्थापना गरी निदानात्मक सेवा बिस्तार गरिने छ ।

२.२ स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको पूर्वाधार, उपकरण तथा कर्मचारी आवासको व्यबस्था गरिने छ ।

२.३ स्वास्थ्य संस्थामा खानेपानी, सरसफाई, बिजुली, ईन्टरनेट सेवा र स्वास्थ्य संस्थाबाट सिर्जित फोहोरमैला बिसर्जनको व्यवस्था गरिने छ ।

२.४ मानसिक स्वास्थ्य, मुख, आँखा, नाक, घाँटी स्वास्थ्य सेवा लगायतका विशेष उपचार सेवालाई विकास र विस्तार गर्न चिकित्सको व्यवस्था मिलाई पालिका बासिलाई सेवा प्रदान गरीने छ ।

२.५ सार्वजनिक निजि साझेदारीमा आँखा स्वास्थ्य सेवालाई विकास तथा विस्तार गर्दै प्रदेश तथा केन्द्रीय निकायबाट समन्वय, सहकार्य गरी पालिका स्तरमा एक आँखा स्वास्थ्य ईकाई स्थापना गरिने छ ।

२.६ मानसिक स्वास्थ्य तथा मनोसमाजिक सेवालाई सामुदायिक अस्पतालका साथै सबै स्वास्थ्य चौकीहरुबाट पालिका बासिहरुलाई सेवाको सुनिश्चित गरिने छ ।

२.७ अन्य विशिष्टिकृत स्वास्थ्य सेवालाई आवश्यकता अनुसार विकास तथा विस्तार गरिदै लगिने छ ।

२.८ संघीय र कर्णाली प्रदेश सरकारसंग समन्वय गरी खार्पूनाथ गाउँपालिकामा छ सैयाको सामुदायिक अस्पताललाई १५ शैयाको अस्पताल स्थापना गरिनेछ ।

२.९ खार्पुनाथ गाउपालिकाका दुर्गम ग्रामीण भेगमा समय समयमा विशेषज्ञ स्वास्थ्य शिविरहरु नियमित रुपमा संचालन गरिने छ ।

२.१० स्वास्थ्य सेवा प्रदान गर्ने निकायबाट प्रवाह हुने सेवाको गुणस्तर सुनिश्चिताको लागि पालिका स्तरमा आवश्यक अनुगमन तथा मूल्याकंन संयन्त्रको व्यवस्था गरीनेछ ।

**नीति ३. जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई प्राथमिक स्वास्थ्य सेवा देखि नै व्यवस्थापन गरिनेछ ।**

३.१ स्वस्थ सकारात्मक व्यवहार परिवर्तन तथा स्वास्थ्य प्रबर्धनको लागि समुदायका राजनितिक, सामाजिक तथा साँस्कृतिक नेतृत्व परिचालन, सूचना प्रविधिको प्रयोग तथा सञ्चार माध्यमसँग समन्वय तथा सहकार्य गरिनेछ ।

३.२ दुर्बेशनिका कारण हुने सवारी दुर्घटना, घरेलु हिंशा लगायत मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि बिभिन्न सरोकारवाला निकाएसंग समन्वय र सहकार्यमा सचेतनामुलक तथा जनस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरीनेछ ।

३.३ सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा सेवाको अलवा स्वास्थ्य सुचनामैत्री बनाउन पोषण र परामर्श कक्षको स्थापना गरी एकीकृत स्वास्थ्य सेवा विस्तार संस्थाको विकास गरिनेछ ।

३.४ पालिकाभित्र सुर्तिजन्य पदार्थ, घरेलु मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरुको उत्पादन, बिक्री वितरण तथा उपभोगलाई निरुत्साहित गरिनेछ ।

३.५ सुर्तिजन्य पदार्थ, मादक पदार्थ जस्ता हानीकारक बस्तु किनवेच र प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ । यस्ता वस्तुको उत्पादन, विक्रि वितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने सम्बन्धी कानून बनाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

३.६ जटिल रोगहरुको अवस्था समयमा पहिचान गर्न नियमित तथा विशेष शिविरहरु मार्फत आबश्यक स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु ( Uterine Prolepses, Obstetrics Fistula, RFT, VIA, Diabetes, HTN, PAP smear) आदि सेवा उपलब्ध गराईनेछ ।

३.७ बढ्दो नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने व्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा विशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर Mental Health Clinic संचालन गरिनेछ ।

३.८ WHO Package of Essential Noncommunicable (PEN) Package लाई पनि सबै स्वास्थ्य संस्थामा लागू गरिने छ ।

३.९ उच्च रक्तचाप, मधुमेह, मिगौला रोग, मुटुरोग अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकीकृत अभियान संचालन गरिने छ ।

३.१० स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, योग, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्वधनका क्रियाकलापहरू स्थानीय निकायसँग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरि संचालन गरिने छ ।

३.११ विद्यालय, क्याम्पस तथा पेशागत जोखिम अधिक हुने संस्थाहरुमा यथेष्ट सामाग्री सहितको स्वास्थ्य सूचना कक्षको स्थापना गरिनेछ ।

३.१२ प्रमुख सार्वजनिक स्थलहरुमा भित्तेलेखन र विद्युतीय माध्यम मार्फत महत्वपूर्ण स्वास्थ्य सन्देशहरु प्रदर्शन गरिने छ ।

३.१३ खोपबाट बचाउन सकिने रोगहरुको उन्मूलन, निवारण र नियन्त्रणका लागि निगरानी कार्य गरिनेछ, खार्पूनाथ गाउँपालिकालाई पूर्णखोप सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ ।

**नीति ४. खार्पूनाथ गाउँपालिकाबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वस्थ्यबर्द्धक र स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) पोषिला खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँच र उपभोगमा बृद्धि गरी पोषण स्थितिमा सुधार ल्याउन आवश्यक कार्यहरु गरिनेछ ।**

४.१ खाद्य विविधीकरणमा जोड दिदै स्थानीय स्तरमा उत्पादित खाद्यनलाई भोग गरी पोषण व्यवहारमा परिवर्तन गर्ने तथा बजारिया खाना (Junk Food) लाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ ।

४.२ पालिकाबासिहरुलाई खानामा विविधिकरण तथा उत्पादनकोलागि पालिकाले एक परिवार एक हरित गृहको अवधारणा ल्याई अविलम्बरुपमा सहयोग गरिने छ ।

४.३ विभिन्न पोषिलो तथा स्वास्थ्यवर्धक खाद्यपदार्थको प्रोत्साहन गर्दै एक घर एक नमुमा करेसाबारी को कार्यक्रमलाई प्रभावकारीरुपमा अगाडि बडाउन आवश्यक रकम विनियोजन गरिने छ ।

४.४ बहुक्षेत्रीय पोषण नीति तथा खाद्य सुरक्षा कार्यक्रमहरु अबलम्वन गर्दै उच्च प्रथामिकताका साथ लागु गरिने छ ।

४.५ सुक्ष्म पोषण सुधारका लागि विभिन्न गैर सरकारी र साझेदारी संस्थाहरुसंग समन्वय र सहकार्यमा अल्पकालिन, मध्यकालिन र दिर्घकालिन हस्तक्षेपकारी उपाए अवलम्बन गरिने छ ।

४.६ खार्पूनाथ गाउँपालिका अर्न्तगतका सम्पूर्ण स्कूलहरुलाई जङ्क फूड निषेधित जोन घोषना गरिने छ र १०० मिटर वरिपरिका पसलहरुमा चाउचाउ, बिष्कुट जस्ता अखाद्यबस्तु बिक्र वितरणलाइ नियमन गरिने छ ।

४.७ समपूर्ण स्कूलहरुमा विद्यार्थी दिवा खाजा ब्यबस्था गर्नको लागि यस पालिका अन्तरगतका सबै स्कूलमा नमूना करेसाबारीको निर्माण गर्नुका साथै सामाजीक पोषण व्यवहार परिवर्तनको लागि नमुना करेसबारी प्रदर्शनि गरिने छ ।

४.८ दुग्ध, अण्डा , मासु जन्य तथा अन्य पोषिलो खाद्य पदार्थ उत्पादन र बिक्रीवितरण गर्ने नमुना कृषकलाई उत्प्रेरण आर्थिक सहयोग उपलब्ध गराइने छ ।

४.९ स्वस्थ जनशक्ति र समाज निर्माण गर्न कार्यविधि बनाई पोषणयुक्त नमुना टोल, वार्ड र पालिकाको अवधारण अवलम्बन गरिनेछ ।

४.१० अगार्निक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारिएको करेसाबारी निर्माण गर्न र खानामा विविधीकरण गरि उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

४.११ पोषणयुक्त बाल पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उत्पादनका लागि पोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाईनेछ ।

४.१२ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पर्दाथ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्य पदार्थ प्रसोधन तथा बजारीकरणका लागि साना किसान/व्यवसायी अनुदान कार्यक्रम संचालन गरिनेछ ।

४.१३ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन बिक्रि बितरणको लागी नियमन गरिने छ । कुनै पनि तयारी खानेकुराहरुमा अनिवार्य लेवलिङको व्यवस्था गरिने छ ।

४.१४ दुईवर्ष मूनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ । गर्भवती र २ वर्षमूनीका बच्चाका आमाहरुको पोषणको स्थिति सुधार गर्नको लागी प्रभावकारी कार्यक्रमहरु नियमितरुपमा कार्यान्वयन गरिनेछ ।

४.१५ आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (Breast Milk substitutes) लाई निरुत्साहित गर्नुका साथै पूर्ण स्तनपान लाई प्रवदर्धन गरिनेछ ।

४.१६ प्रभावकारी नियमन तथा अनुगमन गर्नको लागि उपप्रमुखको संयोजकत्वमा पालिका स्तरमा पोषण तथा खाद्यशुरक्षा समिति गठन गरिनेछ ।

## निति ५.स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै सेवा प्रवाहमा गुणस्तरीता, जवाफदेहि एंव परिणाममूखि बनाईनुका साथौ वास्थ्यकर्मीको सुरक्षाको प्रत्याभुति गराईने छ ।

५.१ गुणस्तरी स्वास्थ्य सेवामा समान पहुच र शुलभ तरीकाले सेवा प्रत्याभूति गराउनुका लागि स्वास्थ्यमा पूर्वाधार निर्माण, नियमित आपूर्ती व्यवस्था, दक्ष जनशक्तिको ब्यबस्थापन लगायत समग्र स्वास्थ्य प्रणालीलाई सबलीकरण गर्न संघ तथा प्रदेश संग समानञ्जस्यता हुने गरी स्वास्थ्य क्षेत्र सुशासन तथा आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गरिने छ ।

५.२ उपलब्ध सेवालाई प्रभावकारी गराउनुका साथै सेवाग्राही प्रति उत्तरदायित्वबोध हुने गरी नियमितरुपमा सामाजिक परिक्षण, सबैले देख्ने स्थानमा नागरीक वडापत्र, सार्वजनिक सुनुवाई गरी स्वास्थ्य सेवा प्रवाह र सेवाको गुणस्तरमा सेवाग्राहीहरुको गुनासो तथा पृष्ठपोषण संकलन गरि सम्वोधन गर्ने प्रणालीको विकास गरिनेछ ।

५.३ सेवाग्राहिको उजुरी, गुनासो तथा सुझावको द्रुत सुनुवाई र शिघ्र व्यवस्थापन गर्ने संयन्त्रको विकास गरिने छ ।

५.४ संविधान प्रदत्त दक्ष एंव जिम्मेवार स्वास्थ्यकर्मी बाट सेवाग्राहिले उपचार सम्बन्धि जानकारी पाउने हकको सुरक्षा गरिने छ ।

५.५ सेवा प्रदान गरीने स्वास्थ्य संस्थाहरुलाई सेवाग्राहीमैत्री बनाई पालिकाबासीको संविधान प्रदत्त स्वास्थ्य हकलाई सुनिश्चित गरीने छ ।

५.६ सेवाग्राही प्रति स्वास्थ्यकर्मीलाई उत्तरदाई तथा व्यवसायिक बनाउन आचारसंहिताको पालना कार्यान्वयन गराई सुनिश्चत गरिने छ ।

५.७ स्वास्थ्यकर्मीहरुलाई सेवाप्रति जवाफदेही बनाउन कार्यक्षमताको आधारमा पारिश्रमिक र सुविधा को व्यवस्था गरीने छ ।

५.८ वित्तिय सुशासनमा पादर्शिता बढाउन सबै स्वास्थ्य संस्थाहरुले वार्षिकरुपमा लेखा परिक्षण गर्ने ब्यवस्था मिलाईने छ ।

५.९ स्वास्थ्य संस्थामा कार्यरत स्थायी, अस्थायी कर्मचारीको कार्यविवरण उपलब्ध गराईने छ सोहि अनुसार काम कारवाही भए नभएको सुनिश्चित गर्न अनुगमन कार्यविधि बनाई सोहीअनुसार अनुगमन गरिने छ ।

५.१० स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति र समितिका सदस्यहरुको क्षमता अभिबृद्धि गरि सशक्त एवं जिम्मेवार बनाई सेवा सुदृढ गरिनेछ ।

५.११ कर्मचारी स्वास्थ्य संस्थामा नियमित उपस्तिथि भए नभएको एकिन गर्न हाजिर उतार फर्म अनुसार तलब भुक्तानी गरिने छ ।

५.१२ अभिलेखीकरण, अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन प्रभाबकारी रुपमा लागु गरिने छ ।

५.१३ स्वास्थ्य संग सम्बन्धीत राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुलाई जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि उत्पेरित गरीने छ ।

५.१४ स्वास्थ्य सेवा प्रदायक ब्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित कानुनी ब्यवस्थालाई खार्पुनाथ गाउँपालिकाले प्रभावकारी रुपमा लागू गरिने छ ।

५.१५ गुणस्तर सेवा का साथै अतिरिक्त सेवा प्रदान गर्नकालागि शनिबार लगाएत अन्य सार्बजनिक बिदाका दिन पनि स्वास्थ्य संस्था खोल्ने नितिगत ब्यबस्था मिलाईने छ,।

**नीति ६. खार्पुनाथ गाउँपालिकाभित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुमा आबश्यताको आधारमा दक्ष जनशक्ति, स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था गरीने छ ।**

६.१ स्वास्थ्य संस्थामा आधारभुत सेवाहरु प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितता गरिनेछ ।

६.२ स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धिको लागि सेवाकालीन तालिम, पेशागत वृत्ती विकास प्रणालीद्धारा विकास गरिनेछ ।

६.३ गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा सुरक्षित खानेपानी, सरसफाइ, बिजुली ( वैकल्पिक व्यवस्था सहित), इन्टरनेट सेवा, मापदण्ड अनुसार फोहोरमैला बिसर्जन् गर्ने व्यवस्था मिलाईने छ ।

६.४ स्वास्थ्य सेवा प्रवाह अभिलेख राख्नलाई रजिष्टर, टुल्स, फर्म फर्मेट र प्रसुति लगायतका अन्य सेवा दिनलाई आवश्यक पर्ने स्वास्थ्य उपकरण उपलब्धता भएको सुनिश्चितता गरिने छ ।

६.५ भौगोलिक विकटता, आर्थिक अभाव, समाजिक तथा सास्कृतिक कारणले पहुँच बाहिर रहेका वर्गलाई गुणस्तरिय सेवा प्रवाहको सुनिश्चितता गर्नको लागि सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द्रहरु स्थापना गरिने छ ।

६.६ बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ती व्यवस्थापनका लागि संघिय, प्रदेश सरकार एवं शिक्षालयसंग समन्वय र सहकार्य गरिने छ ।

६.७ स्वास्थ्यकर्मीको सेवाको निरन्तरताको लागि सेवा करार, पुल दरबन्दी जस्ता उपायहरुको अवलम्बन गरिनेछ ।

६.८ नया संरचना अनुरूपको आपूर्ति व्यवस्थापन प्रणाली विकास गरि विशेष गरि निःशुल्क औषधी, खोप तथा खोप जन्य सामाग्री, परिवार नियोजनका साधनहरू, रेबिज भ्याक्सिन, एच.आइ.भी, क्षयरोग कुष्ठरोग आदि रोगहरूको औषधीको प्रभावकारी सप्लाइ चेन व्यवस्थापन गरिनेछ ।

६.९ महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकालाई समय सापेक्ष परिमार्जन गरी सामुदायिक स्वास्थ्य प्रवर्द्धनका लागि निरन्तर परिचालन गरिनेछ ।

६१० सामुदायीक स्वास्थ्य इकाइ तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुबाट प्रवाह हुने सेवालाई बृद्धि गरी सरसफाई प्रबर्द्धन, स्वस्थ व्यवहार प्रबर्द्धन, तथा स्वास्थ्य प्रदर्शनीको रुपमा बिस्तार गरिनेछ ।

**नीति : ७ आयूर्वेद तथा पालिकामा प्रचलित वैकल्पिक चिकित्सा पद्दतीहरुको आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार गरी समन्वयत्माक रुपमा सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ ।**

७.१ खार्पुनाथ गाउँपालिकामा आधारभूत आयूर्वेद एंव योग तथा प्राकृतिक चिकित्सा पद्धतीको विधि क्रमशः आम्ची, यूनानी, होमियोप्याथिक, अकुपन्चर लगाएतका जस्ता सेवालाई संस्थागत बिकास गरी सेवा निःशुल्क रुपमा प्रदान गर्न प्रदेश तथा संघ सरकारसंगको समन्वयमा आवश्यक संस्थागत संरचनाको व्यवस्था गरी सेवा प्रवाह गरिनेछ ।.

७.२ राष्ट्रिय स्वास्थ्य कार्यक्रम संग एकिकृत गर्दै आयुर्वेद एंव बैकल्पिक चिकित्सा पद्धतीबाट सेवा प्रदान गरीनेछ ।

७.३ वैकल्पिक चिकित्सा सेवाहरुलाई स्वास्थ्य सेवाको मूलधारमा ल्याउन मापदण्ड निर्धारण गरी सञ्चालन, व्यवस्थापन तथा विस्तार गरिनेछ ।

**नीति ८. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरीनेछ ।**

८.१ राष्ट्रिय तथा प्रादेशिक लक्ष अनुसार नियमित संचालित सुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषण संग सम्बन्धीत कार्यक्रमलाई स्थानियले मानव स्रोत र भौतिक व्यवस्था मिलाइ र्सवसुलभ र पहुँचयोग्य बनाईने छ ।

८.२ महिला तथा किशोरकिशोरीहरुको स्वास्थ्यमा प्रभाव पार्ने सामाजिक, सांस्कृतिक निर्धारक तत्वहरुलाई निरुतशाहित गर्न, सकरात्मक ब्यबहार परिर्वतन गराउन सरोकारवालाहरुसँगको समन्वयमा जनचेतना मूलक कार्यक्रम तथा अभियानको व्यवस्था गरिने छ ।

८.३ सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यमा गुणस्तरीय सेवा प्रवाह गर्न प्रत्येक स्वास्थ्य संस्थामा दक्ष प्रसुीतिकर्मीको व्यवस्था गरीनेछ ।

८.४ स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थालाई प्रदेश संग समन्वय गरी किशोरकिशोरीमैत्री सेवा प्रभावकारीरुपमा  प्रदान गरिने छ ।

८.५ स्वास्थ्य संस्थामा दक्ष स्वास्थ्यकर्मीको व्यवस्था मिलाई मापदण्ड अनुसारको पाँच वटै अस्थायी परिवारनियोजनको सेवा उपलब्ध गराउने ब्यबस्था मिलाईने छ ।

८.६ भौगोलिक विकटता कारण स्वास्थ्य सेवाको पहुँचमा पुग्न नसकेकाहरुलाई समेट्ने गरी रोमिङ्ग अ.न.मी र भि.एस.पी बाट सेवा प्रदान गर्ने कार्यक्रम संचालनमा ल्याईने छ ।

८.७ उमेर ढल्केका महिलाहरुलाई हुने समस्याहरु (पाठेघर खस्ने, पाठेघरको मुखको संक्रमन,सेतो पानि बग्ने समस्या) को समयमै पहिचान गरी रोकथाम, व्यवस्थापन र उपचार गर्नको लागी समय समयमा स्किनिङ क्याम्प, ग्रामीण अल्ट्रासाउंन्ड जस्ता क्रियाकलापहरु संचालनमा ल्याईने छ ।

८.८ संस्थामा प्रसुती गराउँदा आवश्यक पर्ने औजार, औषधि स्वास्थ्य संस्थामा भएको शुनिश्चित गरीने छ ।

८.९ प्रसुति केन्द्रहरूमा आमाघर  तथा स्तर अनुसार नवजात कर्नर को सुविधा उपलब्ध गराइनेछ ।

८.१० परिवार नियोजनको प्रयोग दर बढाउनलाई समुदायस्तरमा समुदायको परिचालन गरी (जस्तैः सामुदायिक रेडिया कार्यक्रम, म.स्वा.से, आमा समुह, अन्य समुह र स्कूल कार्यक्रम) जनचेतनामुलक कार्यक्रमरु संचालित गरीन छ ।

८.११ स्वास्थ्य संस्थाको क्षमताको आधार र संस्थाको स्तर उन्नति गर्दै सुरक्षित गर्भपतन कार्यक्रमको संचालन गरिने ब्यबस्ता मिलाईने छ ।

८.१२ शुन्य घर डेलिभरी को नीतिलाई अवलम्बन गरी कार्यन्वयन गरिनेछ ।

८.१३ पूर्णखोप पालिका सुनिुश्चित गर्नको लागि नियमितरुपमा खोप संचालन गर्ने व्यवस्था मिलाईने छ

।

८.१४ मातृमृत्यु दर, नवजात शिशु मृत्युदर र बालमृत्युदर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुमा आधारित रहेर आवधिक कार्ययोजनाहरु तयार गरि लागू गरिनेछ ।

८.१५ दुई वर्ष मुनिका बालबालिकाको नियमित वृद्धि अनुगमन गर्दै विद्यालयमा पोषण शिक्षालाई सुदृढीकरण गरिनेछ ।

८.१६ सबै संस्थागत मातृ मृत्यु तथा नबजात शिशु मृत्युको कारण पुनरावलोकन गर्ने पद्धति Maternal and Perinatal Dath Surveillence and Response (MPDSR) लाई अनिवार्य गराईने छ । समुदायस्तरमा भएका मातृ तथा नवजात शिशु मृत्युको Verbal Autopsy गरीने छ ।

८.१७ सरोकारवालाहरुसँगको सहकार्यमा एक विद्यालय एक नर्सको अवधारणा, स्वस्थ विद्यालय वातावरण, स्क्रिनिङ्ग तथा स्वास्थ्य परिक्षण, किशोरावस्था स्वास्थ्य सेवा जस्ता विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।

**नीति ९. आपतकालिन स्वास्थ्य अवस्था तथा अन्य सरुवा रोग एंव महामारी, नियन्त्रण, जलवायू परिवर्तन लागि बहुपक्षीय सहकार्य गरी असरको न्यनीकरण र स्वास्थ्य सेवा प्रभावकारी रुपमा प्रदान गरिने छ ।**

९.१ महामारी, विपद वा प्रकोपको जोखिम नक्साङ्कन गरी जोखिम न्यूनीकरणका लागि बहुपक्षीय सहकार्यमा गाउँपालिकाको प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

९.२ आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामाग्रीको जगेडा भण्डार (Buffer stock) गरी पालिका स्वास्थ्य शाखाको कार्यलयमा राखिने छ ।

९.३ जलवायू परिवर्तनबाट स्वास्थ्यमा पर्ने प्रतिकुल प्रभावको बारेमा सचेतना बृद्धि गरी असर न्यनीकरणका कार्यहरु गरिनेछ ।

९.४ सरुवा रोगको निरन्तर निगरानी गरी नियन्त्रन, निवारण र उन्मूलनको लागि नियमित सञ्चालन भई आएका कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालान गरिने छ र प्रभावकारी उपाय अवलम्बन गर्नुकासाथै आवस्यकता अनुसार परिमार्जित गरिनेछ ।

९.५ पालिका तथा वडा स्तरिय द्रुत प्रतिकार्य टोली (RRT र CRRT team) गठन गरी अन्य उद्दार टोली संग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरिनेछ ।

९.६ प्रदेश स्वास्थ्य आपतकालिन कार्यसञ्चालन केन्द्र को सहकार्य, सहयोग र संपर्कमा रही पालिका स्तको RRT team लाई द्रुत प्रतिकार्य प्रणाली अझ व्यवस्थित गरी आवश्यकता अनुसार परिचालन गरिनेछ ।

९.७ बातावरण र स्वास्थ्यमैत्री प्रविधिलाई प्रत्साहन गर्दै स्थानीय अस्पताल तथा अन्य स्वास्थ्य संस्था एवं प्रयोगशालाबाट उत्तसर्जित, औषधिजन्य फोहोरको उचित व्यवस्थापनको लागि संघीय तथा प्रादेशिक स्वास्थ्य संस्था जन्य फोहोर ब्यवस्थापन तथा बिसर्जन मापदण्डलाई प्रभावकारी रुपमा लागू गरी सोको नियमनका साथै अनुगमन पनि गरिने छ ।

९.८ वडा स्तरमा महामारी, विपद वा प्रकोपको जोखिम नक्साङ्कन गरी आपतकालिन पूर्वतयारी योजना निर्माण गरी कार्यान्वयन गरीनेछ ।

९.९ तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरुबाट नियमित प्रवाह हुने ब्यवस्था मिलाइनेछ । खार्पूनाथ गाउँपालिको तोकिएका स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टर हरुबाट २४ घण्टा आकस्मिक सेवा प्रवाह हुने व्यवस्था मिलाईने छ ।

९.१० दुर्गम क्षेत्रहरुका बासिन्दाहरुको स्वास्थ्य संकटमा (सुत्केरी बेथा, चोटपटक) रहेको र आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नु परेमा प्रदेश सरकार सँग समन्वय गरी हवाई माध्यमबाट उद्धार गरिनेछ ।

**नीति १०.न्यूनतम सेवा मापदण्ड (Minimum service standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।**

१०.१ पालिका भित्रका स्वास्थ्य संस्थाहरुको आवश्यकता र मापदण्ड अनुसार भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गरिनेछ ।

१०.२ पालिका अर्न्तगतका स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधी उपकरणको सूची तयार गरी खरिद आपूर्ती, भण्डारण, वितरण, नियमित मर्मत सम्भार र व्यवस्थापन कार्यलाई सुदृढ गरिनेछ ।

१०.३ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने तोकिएका औषधीहरु, खोप तथा जनस्वास्थ्य कार्यक्रमका औषधी तथा औषधी जन्य सामाग्रीहरु आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलव्ध गराईनेछ ।

१०.४ पालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा तथा चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरिनेछ ।

**नीति ११. पालिका भित्र सञ्चालन हने सामुदायिक, निजि तथा गैह्र सरकारी क्षेत्रका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइने छ ।**

११.१ पालिका भित्रका सबै प्रणालीका उपचार सेवा निदानात्मक, प्रयोगशाला, फिजियोथेरापी जस्ता निजी संस्थाको दर्ता तथा सञ्चालन अनुमति दिने तथा कानून बनाई नियमन गर्ने व्यवस्था मिलाइनेछ र क्षमता अभिबृद्धिमा सहयोग गरिने छ ।

११.२ जनस्वास्थ्य निरिक्षक दरबन्दीको व्यवस्था गरी जनस्वास्थ्यमा प्रतक्ष्य असरहुने अस्वास्थ व्यवहारको निगरानी, नियमान र कारबाही गर्ने व्यवस्था गरीनेछ ।

११.३. गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरु तथा विकास साझेदार संघ संस्थाहरुले प्रवाह गरेका स्वास्थ्य सेवाहरुको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको लागि गाउँपालिकाले स्वास्थ्य अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण निर्देशिका तयार गरि कार्यान्वयन गर्नेछ ।

**नीति १२. स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न पालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्र संग साझेदारी गरिनेछ ।**

१२.१ पालिकाको कुल बजेटको न्यूनतम १५ प्रतिशत बजेट स्वास्थ्य क्षेत्रमा विनियोजन गरिनेछ ।

१२.२ संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य बिमा कार्यक्रम लागू गरी पालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गरिनेछ । अति गरीब, विपन्न, गर्भवति, जेष्ठनागरी लाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरीनेछ ।

१२.३ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारीलाई प्रोत्साहन गर्न "सार्वजनिक-निजी साझेदारी" रणनीति बनाई लागू गरीने छ ।

१२.४ निजी क्षेत्रले प्रदान गर्ने स्वास्थ्य सेवालाई क्रमशः सेवामूलक स्वास्थ्य सेवामा रुपान्तरण गर्दै सबै समुदायका व्यक्तिले सेवाको प्रयोग गर्न सक्ने वातावारणको सृजना गर्न आवश्यक साझेदारी गरिनेछ ।

**नीति १३. स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ ।**

१३.१ प्रत्येक स्वास्थ्य संस्थाहरु, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुमा बिद्युतीय/अनलाइन अभिलेख तथा प्रतिवेदन गर्ने व्यवस्था सुनिश्चित गरिनेछ ।

१३.२ पालिकामा विद्युतीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गरी सूचना विश्लेषणका निश्कर्षहरुलाई प्राथमिकताका साथ स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा प्रयोगमा ल्याउने संस्कारको विकास गरिने छ ।

१३.३ तथ्याकंको गुणस्तरीयता, विश्वसनियता कायम राख्न अनुगमन, मूल्याकंन तथा पृष्ठपोषणको प्रणालीलाई सवलिकृत गरिनेछ ।

१३.४ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य क्षेत्रमा उपलब्ध मानव स्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकिकृत विद्युतीय सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने साथै संस्थागत व्यवस्था गरिनेछ ।

१३.५ स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित गर्न पालिकाको प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सोको अनुसन्धानात्मक कार्यका लागि स्रोतको व्यवस्थापन गर्ने, तथा अध्ययन तथा अनुसन्धान र अनुगमनका निश्कर्षहरुलाई प्राथमिकताका साथ योजना मार्फत कार्यान्वयन गरिनेछ ।

**नीति १४ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्सहान, प्रवर्द्धन र व्यवस्थापन गरी पालिकाबासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।**

१४.१ खुला दिशामुक्त पालिकाबाट पूर्णसरसफाइ युक्त पालिका बनाईनेछ र सोको दिगोपनाको योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१४.२ पर्यावरण र वातावरणीय परिवर्तन साथै काम र कार्यस्थलको वातावरणीय अवस्थाका कारणले स्वास्थ्यमा पर्ने हानिबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसँग समन्वय गरी स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु तय गरी संचालन गरिनेछ ।

१४.३ सर्वब्यापी सावधानीको अवधारणलाई अनुसरण गरी स्वास्थ्य सेवा जन्य फोहोर मैला व्यवस्थापनको लागि सबै सरोकारवालाहरु सँगको सहकार्यमा उचित किसिमले फोहोर मैला संकलन, छुट्याउने र विर्सजनको व्यवस्था गरिनेछ ।

१४.४ किटनाशक बिषादिको प्रयोगलाई नियमन तथा औधोगिक रसायनको समुचित विर्सजन गर्न सम्बन्धित क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

१४.५ पेशागत स्वास्थ्य सुरक्षाका लागि व्यवसायजन्य जोखिम न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्यमा कार्यक्षेत्रमा हुनसक्ने विपद जोखिम न्यूनीकरणका लागि नियमनको व्यवस्था मिलाईने छ ।

१४.६ व्यवसायिक रुपमा हुन सक्ने जोखिमबाट जोगाउने व्यवस्था गर्दै उनीहरुको स्वास्थ्य संरक्षणका लागि स्वास्थ्य तथा जीवन विमा भएको सुनिश्चित गरिनेछ ।

**नीति १५ सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा उपभोग सुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरि स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिनेछ ।**

१५.१ छाउपडी, बाल बिवाह र कम उमेरमै विवाह गरी गर्भवती हुने महिलाको स्वास्थ्यमा प्रतिकुल असर पार्ने व्यवहार परिवर्तनका लागि चेतनामुलक कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१५.२ महिनावारी भएको बेला छात्राको शैक्षिक संस्थामा नियमित उपस्थित हुने वातावरण सृर्जना गर्न सम्बन्धित निकायसंग छलफल गरी आवश्यक सहयोग गरी सकारात्मक वातवबरणको सृर्जना गरिने छ ।

१५.३ स्वास्थ्य बिमा लगायत अन्य योजनाहरु मार्फत विशेषज्ञ स्वस्थ्य सेवाको पहुँचमा बृद्धि गरी स्वास्थ्य उपचार कोषको माध्यमद्वारा विपन्न र असहाय वर्गको सेवामा पहुँच सुनिश्चितता गरिनेछ ।

१५.४ पिछडिएको वर्ग, क्षेत्र र समुदायका लागि स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न आवश्यकता अनुरुप स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना, स्वास्थ्य शिविरको सञ्चालन तथा आधुनिक सूचना तथा विधिको प्रयोग गरी स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था मिलाईने छ ।

१५.५ लक्षित समुदायमा स्वास्थ्य सम्बन्धी चेतना अभिबृद्धि गर्दै सेवाको उपयोग बृद्धि गर्न तत् समुदायका सवास्थ्यकर्मीहरुलाई प्राथमिकता दिई सोही समुदायमा परिचालन गर्ने योजना बनाई लागू गरिनेछ ।

१५.६ गाउँपालिकाको आवश्यकता र क्षमतालाई मध्यनजर गर्दै कामको सिलसिलामा वा अन्य कारणले स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका समूहलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न विशेष कार्यक्रम बनाई लागु गरिनेछ ।

**निति १६.जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको बिकास तथा विस्तार गरिने छ ।**

१६.१ खार्पुनाथ गाउँपालिका भित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै विद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ ।

१६.२ समुदायमा वितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिने छ ।

१६.३ वडा समितिहरु संग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन र पैरवी गरिने छ ।

१६.५ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी खुला दिशामुक्त खार्पुनाथ गाउँपालिकाबाट पूर्णसफा खार्पुनाथ गाउँपालिका बनाईनेछ र सो को दिगोपनाको रणनिति तयार गरि कार्यान्वयन गरिनेछ ।

१६.६ जलवायु परिवर्तन, मौसम परिवर्तन, काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानीबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसंग समन्वय गरी स्वास्थ्य सचेतना सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

१६.७ धुवाँजन्य समस्याहरुलाई नियन्त्रन गर्न सबैको घरमा धुँवा रहित वा सफा चुलो भएको सुनिश्चत गरिने छ ।

**नीति. १७. जनसंख्या व्यवस्थापनलाई खार्पूनाथ गाउँपालिका विकासको मुल खम्बाको रुपमा संस्थागत गर्ने ।**

१७.१ खर्पूनाथ गाउँपालिका भित्र जन्म, मृत्यु, बसाइ सराई जस्ता व्यक्तिगत घटना दर्ता कार्यलाई व्यवस्थित गरिनेछ ।

१७.२ जनसंख्या सम्बन्धित सूचनालाई विकास आयोजना तर्जुमा गर्दा र कार्यक्रम विकास गर्दा प्रमुख रुपमा उपयोग गरिनेछ ।

१७.३. समुदायस्तरमा भएको हरेक नवजात शिशु एवं मातृमृत्युको कारण पहिचान गर्न मृत्युपश्चात गरिने भर्वल अटप्सि विधिलाई पद्धतिबद्ध गरिनेछ ।

१७.५. मौसमी बसाई सराई, श्रम बसाई सराई, जडिबुटी संकलन समयको लागि आधारभूत स्वास्थ्य सेवा घुम्ती स्वास्थ्य क्लिनिकहरु मार्फत प्रदान गरिने छ ।

१७.६. वडा समितिहरुसँग समन्वय गरि दुर्गममा छरिएका र जोखिममा रहेको बस्ती पहिचान गर्ने, एकिकृत बस्ती विकासका लागि अध्ययन एवं पैरवी गर्नुका साथै वस्ती विकास योजना तर्जुमा गरी संघीय सरकार र प्रदेश सरकारसंगको समन्वय र सहयोगमा वस्ती विकास कार्यक्रम कार्यान्वयन गर्न जोड दिइनेछ ।

१७.७. स्वस्थ्य, सुखी परिवार बनाउन वडा समिति तथा स्वास्थ्य संस्थाहरुसंग समन्वय र सहकार्यमा व्यवस्थित परिवार एवं परिवार नियोजन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

१७.८. स्वास्थ्य उपलब्धि हासिल गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्नुका साथै बहुपक्षीय, दुईपक्षीय, तथा राष्ट्रिय, अन्तराष्ट्रिय, बहुक्षेत्रीय सहकार्यद्धारा विकास साझेदारहरुको सहयोगलाई प्रभावकारी ढंगबाट परिचालन गरिनेछ ।

## ८. संस्थागत संरचना

८.१. नीति कार्यान्वयनका लागि खार्पूनाथ गाउँपालिकाको नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहनेछन । त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य अन्तरगत सेवा प्रवाहका लागि खार्पूनाथ गाउँपालिका स्तरमा १५ सैयाको अस्पताल स्थापना गरिनेछ ।

८.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिलक कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरु, क्षमता अधिवृद्धिका लागि समन्वय गरिनेछ। स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ ।

## ९. आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः खार्पूनाथ सामाजिक विकास शाखाको नियमित बजेटबाट गरिनेछ। यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न खार्पूनाथ गाउपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडि ल्याइनेछ । नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

## १०. अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तिको मूल्यांङ्कन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ। यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । वडा समितिहरु एवम अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ। प्रत्येक तीन वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ।

## ११. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि खार्पूनाथ गाउँपालिका स्वास्थ्य ऐन तर्जुमा गरिनेछ। स्वास्थ्य सँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालिन, मध्यकालिन र दिर्घकालिन कार्ययोजना बनाउने छ । यही कार्यायेजना अनुसार वार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ। वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

## १२. जोखिम

राज्यको पुनःसंरचनाको प्रारम्भिक चरण, बढ्दो जनआकांक्षा, पालिका संस्थागत विकासको चरणमा रहेको, सिमित साधन र स्रोत, गाउँपालिको प्राथमिकतामा स्वास्थ्य क्षेत्र समग्र विकासको मुद्दाका रुपमा स्थापित गराउनु पर्ने विद्यमान अवस्थामा यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन। यद्यपी उल्लेखित जोखिमको बाबजुद गाउँपालिकालाई सर्वसुलभ, गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गरी स्वस्थ नागरिकहरु तयार गर्न खार्पूलाथ गाउँपालिकाको स्वास्थ्य नीति २०७६ को प्रभावकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्युनिकरण गरिनेछ ।

**खार्पूनाथ गाउँपालिकाको कार्यालय**

याङ्चुबजार, खार्पुनाथ, हुम्ला

कर्णाली प्रदेश, नेपाल